# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल

प. सं.: २०७६/०७७
च. नं.: १२०५

मिति: २०७६/१२/२१

---

**विषय : सहयोगका लागि हार्दिक अपिल ।**

आदरणि आमा, वुवा, दाजुभाई तथा दिदिबहिनिहरु

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिन नदिन तथा रोकथाम, नियन्त्रण र प्रतिरक्षा गर्न सवै एकतावद्ध रुपमा लागि सतर्कता अपनाउनु आजको गम्भीर आवश्यकता बनेको छ । संक्रमणको जोखिमबाट बच्न उच्च सतर्कताका साथ आ-आफ्नो स्थानबाट लागि पर्नु भएका सवै नागरिक, जनप्रतिनिधि, राजनीतिक दल, संघसँस्था, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी एवं कर्मचारीहरु प्रति गाउँपालिका हार्दिक आभार प्रकट गर्दछ ।

यस विपद्को जोखिमलाई हटाउन साथै विपद् पूर्वतयारी, प्रतिकार्य योजना तथा पुनस्थापना जस्ता कृयाकलाप गर्नुपर्ने अवस्था भएकाले यी सबै कुराको व्यवस्थापन गर्न गाउँपालिकाको तर्फबाट गाउँपालिकाको हालको विपद् व्यवस्थापन कोषको २५ लाख रकमलाई वृद्धि गरि कम्तिमा ४० लाखसम्म पुऱ्याउने मिति २०७६/१२/२० गते बसेको गाउँकार्यपालिका बैठकबाट निर्णय भएको र उक्त कोषमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षले कम्तिमा ७ हजार, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुले कम्तिमा ५ हजार, वडा सदस्यहरुले कम्तिमा २ हजार तथा गाउँपालिकाबाट तलव भत्ता बुझिलिने शिक्षक, कर्मचारीहरु मध्ये अधिकृत स्तरका शिक्षक, कर्मचारीहरुले ५ दिन बराबरको तलव र सहायक स्तरका शिक्षक, कर्मचारीहरुबाट ३ दिन बराबरको तलव रकम कोषमा जम्मा गर्ने निर्णय सम्पूर्णमा जानकारी गराउदै यस कार्यको लागि थप आर्थिक तथा वस्तुगत सहायता गर्न चाहने व्यक्ति, संघसंस्था, उद्योगी, व्यापारी एवम् सरोकारवाला सवैलाई तपशिलको बैंक खातामा आर्थिक सहयोग तथा गाउँपालिकामा वस्तुगत सहायता प्रदान गर्नको लागि हार्दिक अपिल गर्दछौं ।

तपशिल
बैंकको नाम : ग्लोवल आई.एम.ई. बैंक
शाखा कार्यालय : सुलिचौर, रोल्पा
खाताको नाम : प्रकोप व्यवस्थापन कोष
खाता नं. ८२०४०१००००००७ (GA-5-4)

..........................
(गुणेन्द्र घर्ती)
अध्यक्ष

थप जानकारीका लागि गाउँपालिका अध्यक्ष मोवाइल नं. ९८५७८२४८१७, उपाध्यक्ष मोवाइल ९८५७८२४८१८, प्रमुख प्रशासकीय अधिकृत मोवाइल ९८५७८२५७७५, लेखा अधिकृत ९८५७८२४८२० ।

---